बैठक संख्या- ६९ बिहान- ६:०० बजे

उपस्थिती-

श्री टीकादत्त राई- कार्यकारी अधिकृत, धरान नगरपालिका

आज मिति २०६९।०६।२६ गते आइतवार धरान नगर पालिका कार्य संचालन समितिको बैठक बसी तपसिलको निर्णयहरु गरियो ।

निर्णय नं-१- जगेडा कोषमा योजना छनौट गरी पठाउने सम्बन्धमा- ~~सम्बन्धित~~ संघिय मामिला तथा स्थानीय विकास मंत्रलय अन्तर्गतको जगेडा कोषको सहयोगमा संचालन गर्ने २१औं नगर परिषदवाट पारित तपसिलका ५ (पाँच) वटा योजनाहरु छनौट गरी स्वीकृतिकालागि पठाउने निर्णय गरियो ।

तपसिल:

(क) लक्ष्मी चौक खहरे देखि कवि पथिक (पृथ्वि पथ) चौक सम्म ढल तथा पिच निर्माण- धरान-१
जगेडा कोष नेपाल सरकारबाट- ६० प्रतिशत
नगरपालिका पारस्परिक कोषबाट- २५ प्रतिशत
जन सहभागिता लागत - १५ प्रतिशत

(ख) पृथ्वि पथ (रेडक्रस चौकदेखि महालक्ष्मि मार्ग सम्म) ढल तथा सडक निर्माण- धरान-१
जगेडाकोष नेपाल सरकारबाट ६० प्रतिशत
नगरपालिका पारस्परिक कोषबाट- २५ ,,
जन सहभागिता लागत १५ ,,

(ग) हंशमार्ग ढल निर्माण धरान-१६
जगेडा कोष नेपाल सरकारबाट- ६० प्रतिशत
जन सहभागिता बाट - ४० ,,

(घ) पाथिभरा लाइन सडक निर्माण
जगेडाकोष नेपाल सरकारबाट - ५० प्रतिशत
जनसहभागिताबाट- ५० प्रतिशत

(ङ) प्रगति चौक देखि हरियाली गेट सम्म (जिमी मार्ग) धरान-१५ ढल तथा सडक निर्माण
जगेडा कोष, नेपाल सरकारबाट ६० प्रतिशत
जन सहभागिताबाट- ४० प्रतिशत

निर्णय नं-२ - स्वीकृत ~~आय~~ आयोजनाको लागि ऋण अनुदान माग गर्ने तथा पारस्परिक कोष (Matching Fund) बाट रकम व्यहोर्ने सम्बन्धमा:-

धरान-१२ स्थित नगरपालिकाको कार्यालय भवन निर्माण गर्नका लागि कुल लं.ई. रु ५९,९७,५२३।१८ (रु उनन्साठी लाख सन्तानब्बे हजार पाँच सय तेइस, पैसा अठार भ्याट र ओभरहेड सहीत) को अनुमानित लागत मध्ये ६०% ले हुन आउने रकम रु ३५,९८,५१३ (पैंतिसलाख अन्ठानब्बे हजार पाँच सय तेह्र) नेपाल सरकारद्वारा अनुदान हुने तथा ३०% ले हुन आउने रकम रु १७,९९,२५६ (सत्रलाख उनान्सय हजार दुई सय छपन्न) नगर विकास कोष संग ऋण लिने र १०% ले हुन आउने रकम रु ५,९९,७५४.१८ (पाँचलाख उनान्सय हजार सातसय चौवन्न, पैसा अठार) धरान नगरपालिकाबाट पारस्परिक कोष मार्फत व्यहोर्ने गरी सम्झौता भएको ६ महिना भित्रमा निर्माण सम्पन्न गर्ने गरी नगर विकास कोषबाट आयोजना माग गर्ने निर्णय गरियो।

आजको बोर्ड बैठक बिहान १० बजे समाप्त गरियो।

माइन्यूटकर्ता - भक्तिराज शर्मा - सुचना अधिकृत, धनकुटा